CIM NEWSLETTER

Issue 43 | Kartik 2083



संसदीय समितिमा उद्योगी/व्यवसायीका सरोकार प्रस्तुत गर्दै
उद्योग संगठन मोरङ

जुट उद्योग : अस्तित्वको संघर्षमा

११ मध्ये ५ उद्योग सञ्चालनमा	७५-८०% कच्चा जुट आयात	१३,००० प्रत्यक्ष रोजगारी	रु. १० अर्ब भन्दा बढी निकासी

021-515712
Sahid Marg, Biratnagar-2 cim.biratnagar@gmail.com

विजया दशमी,

शुभ दीपावली तथा छठ पर्व २०८३ र नेपाल
सम्वत् ११४७ को पावन अवसरमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं।



नन्द किशोर राठी

अध्यक्ष

एवं उद्योग संगठन मोरङ्ग, परिवार

हाम्रो भनाई

देशको औद्योगिकीकरण, निर्यात व्यापार, रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुऱ्याएको र नौ दशकभन्दा लामो इतिहास बोकेको जुट उद्योग अहिले अस्तित्व जोगाउन संघर्षरत छ । विगतमा ११ वटा जुट उद्योग सञ्चालनमा रहेकोमा हाल पाँचवटा मात्र सञ्चालनमा छन । उद्योगको प्रमुख चुनौती कच्चा पदार्थको अभाव, उत्पादन लागत, सीमित बजार र नीतिगत संरक्षणको अभाव पनि हो ।

भारत र बंगलादेशले जुट उद्योगको प्रवर्द्धनका लागि संस्थागत संरचना, अनुदान तथा सरकारी खरिद जस्ता उपाय अवलम्बन गरेका छन । नेपालमा भने जुट क्षेत्रको विकास र संरक्षणका लागि छुट्टै प्रभावकारी निकाय छैन । भारततर्फको बजारमा निर्भरता र त्यहाँका व्यापारिक नीतिमा हुने परिवर्तनले नेपाली उद्योगलाई थप जोखिममा पार्ने गरेकाले यस उद्योगको संरक्षणका लागि जुट उद्योगलाई उपलब्ध गराइँदै आएको निर्यात अनुदान निरन्तरता दिने, उत्पादन लागत घटाउन जुट उद्योगमा सहुलियत दरको विद्युत् महसुल तथा छुट्टै सहुलियत भिटरको व्यवस्था गर्ने, खाद्यान्न तथा कृषि उपजको सरकारी खरिद र प्याकेजिङमा जुटका बोराको प्रयोगलाई चरणबद्ध रूपमा अनिवार्य गरी स्वदेशी उद्योगका लागि बजार सुनिश्चित गर्नुपर्दछ।

त्यसैगरी जुट खेती विस्तार, उन्नत बीउ, कृषि प्रविधि मार्फत स्वदेशी कच्चा पदार्थको आपूर्ति बढाउन जुट विकास केन्द्र स्थापना गर्नुपर्छ । जुट क्षेत्रको नीति निर्माण, अनुसन्धान, उत्पादन विविधीकरण र निर्यात प्रवर्द्धनका लागि जुट बोर्ड वा जुट कमिसनरको व्यवस्था गर्नुपर्छ । नेपाली जुट उद्योगको भारतीय बजारमा पहुँच सहज बनाउन गैरभन्सार अवरोधका विषयका साथै नेपाली उत्पादनमा थप शुल्कको भार नपर्ने र नयाँ व्यापारिक अवरोध नथपिने वातावरण निर्माण गर्न सरकारले प्राथमिकताका साथ कुटनीतिक पहल गर्नुपर्छ ।

जुट उद्योगको संरक्षण भनेको पुरानो औद्योगिक इतिहास जोगाउनु मात्र नभई हजारौं परिवारको रोजगारी, कृषकको आम्दानी र निर्यातमुखी औद्योगिकीकरणको सम्भावना सुरक्षित गर्नु पनि हो। सरकारले तत्काल, मध्यकालीन र दीर्घकालीन कार्ययोजना बनाई नेपालको पहिलो उद्योग इतिहासलाई जिवन्त राख्नु पर्दछ।



देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८३-८४ को २ महिनाको तथ्यामा आधारित



३१.० प्रतिशतले
आयातवृद्धि ।



६१.७ प्रतिशतले
निर्यातवृद्धि ।



५.९६ प्रतिशत
उपभोक्ता मूल्य सूचकांमा आधारित मुद्रास्फीति ।



रु. ९० अर्ब ३४ करोड बचत
शोधनान्तर स्थिति।



रु. २५ अर्ब ८४ करोड
अमेरिकी डलर सञ्चिति (कुल विदेशी विनिमय)।



०३.० प्रतिशत घटेको
वैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन ।



०.४ प्रतिशतले वृद्धि
निजी क्षेत्रमा प्रवाहित कर्जा ।



२१.२ प्रतिशतले
विप्रेषण आप्रवाह वृद्धि (नेपाली रुपैयाँमा) ।

श्रोत: नेपाल राष्ट्र वैंक, आर्थिक अनुसन्धान विभाग

Foreign Trade Direction

Based on First Two Months (Shrawan-Bhadra) of FY 2083/84


SN	Trade of Indicators	FY 2081/82 (First 2 Months)	FY 2082/83 (First 2 Months)	Change.(%)
1	Imports (Rs.in `000)	Rs 305,155,099	Rs 401,518,983	31.58
2	Exports (Rs.in `000)	Rs 47,317,663	Rs 76,587,539	61.86
3	Trade Deficit (Rs.in `000)	Rs 257,837,436	Rs 324,931,443	26.02
4	Total Foreign Trade (Rs.in `000)	Rs 352,472,761	Rs 478,106,522	35.64
5	Imports/Exports Ratio	Rs 6.45	Rs 5.24	-18.71
6	Exports Share to Total Trade (%)	Rs 13.42	Rs 16.02	19.33
7	Imports Share to Total Trade (%)	Rs 86.58	Rs 83.98	-3.00

Source : Govt. of Nepal, Department of Customs

Top 10 Import Chapter

Based on First Two Months (Shrawan-Bhadra) of FY 2083/84

(figures are in Rs. Thousands)




Source : Govt. of Nepal, Department of Customs

Top 10 Export Chapter

Based on First Two Months (Shrawan-Bhadra) of FY 2083/84

(figures are in Rs. Thousands)



Source : Govt. of Nepal, Department of Customs

Trade Balance by Partner Countries

Based on First Two Months (Shrawan-Bhadra) of FY 2083/84

(figures are in Rs. Thousands)

SN	Partner Countries	Import Value	Export Value	Trade Balance
1	 India	Rs 221081880	Rs 65445210	Rs -155636670
2	 China	Rs 76401034	Rs 293333	Rs -76107701
3	 Argentina	Rs 28200051	Rs 24536	Rs -28175514
4	 Saudi Arabia	Rs 9843154	Rs 1102	Rs -9842052
5	 Brazil	Rs 5910235	Rs 5541	Rs -5904694
6	 Russian Federation	Rs 4998842	Rs 12196	Rs -4986647
7	 Oman	Rs 3752313	Rs 2068	Rs -3750245
8	 Australia	Rs 4241965	Rs 604760	Rs -3637205
9	 Malaysia	Rs 3495704	Rs 64780	Rs -3430924
10	 Thailand	Rs 3212483	Rs 6383	Rs -3206100

Source : Govt. of Nepal, Department of Customs

Import and Export by Custom Offices

Based on Annual data (Shrawan-Asar) of FY 2082/83

(Imports value and Exports value are in Rs. Thousands)

Custom	Imports Value	Exports Value
Birgunj	Rs 197357132.61	Rs 33739595.88
Bhairahawa	Rs 60676617.98	Rs 7366381.24
Biratnagar	Rs 51922433.40	Rs 19775240.67
TI-Airport	Rs 28946269.52	Rs 7551570.88
Nepalgunj	Rs 15028157.94	Rs 578099.13
Mechi	Rs 13135779.74	Rs 6110480.07
Mustang	Rs 8332151.60	Rs 3447.34
Rasuwa	Rs 7917219.93	Rs 125585.72
Kailali	Rs 4420417.05	Rs 159179.64
Krishnanagar	Rs 4355849.68	Rs 369455.22
Chobhar	Rs 2476149.16	Rs 23157.97

Source : Govt. of Nepal, Department of Customs

नेपालको पहिलो: जुट उद्योग अस्तित्वको संघर्षमा


विक्रम संवत् १९९३ मा स्थापना भएको जुट उद्योग नेपालको पहिलो औद्योगिक प्रतिष्ठान हो । कुनै समय कच्चा जुट विश्व बजारमा निर्यात गर्ने नेपालको यो उद्योग आज अस्तित्व जोगाउन संघर्षरत छ । विगतमा सञ्चालित ११ वटा जुट उद्योग मध्ये अहिले ५ वटा मात्र सञ्चालनमा छन । वार्षिक १,०४,००० मेट्रिक टनको जडित क्षमतामा ५९,००० मेट्रिक टन मात्र उत्पादन हुन्छ । आवश्यक कच्चा जुटको ७५ देखि ८० प्रतिशत भारत र बंगलादेशबाट आयात गर्नुपर्छ । यो उद्योगले प्रत्यक्ष रूपमा करिब १३,००० जनालाई रोजगारी दिएको छ भने करिब ७,५०० कृषक परिवारलाई नगदेबाली उपलब्ध गराएको छ । गत आर्थिक वर्षमा रु. १० अर्बभन्दा बढीको निकासी गरेको छ ।

१. पृष्ठभूमि

- विक्रम संवत् १९९३ मा स्थापना भएको जुट उद्योग नेपालको प्रथम उद्योग हो,
- यसले आधुनिक औद्योगिकीकरणको ढोका खोल्यो र देशको पहिलो निकासीमूलक उद्योगको इतिहास रच्यो,
- प्रजातान्त्रिक आन्दोलनको उद्गम बन्ने ऐतिहासिक भूमिका निर्वाह,
- नौ दशकभन्दा लामो समय ईतिहास कायम गरेको यस उद्योगले, सरकार र निजी क्षेत्रलाई समेत प्रेरणा दिएको छ,
- कुनै समय नेपालबाट कच्चा जुट विश्व बजारमा निर्यात हुन्थ्यो र जुटले अर्थतन्त्रलाई टेवा दिएको थियो, उद्योगहरू आर्थिक समृद्धिका प्रतीक थिए ।

विवरण	विगत/क्षमता	वर्तमान
सञ्चालित जुट उद्योग	११ वटा	६ वटा (संकट अवस्थामा सञ्चालित)
जडित उत्पादन क्षमता	वार्षिक १,०४,००० मेट्रिक टन	उत्पादन ५९,००० मे.टन
आवश्यक कच्चा जुट		अनुमानित ६४,००० मे.टन (पूर्ण क्षमतामा सञ्चालन भएमा)
आन्तरिक कच्चा जुट आपूर्ति		२०-२५ प्रतिशत
आयातित कच्चा जुट		७५-८० प्रतिशत (भारत र बंगलादेश)
प्रत्यक्ष रोजगारी		करिब १३,००० (महिला ५० प्रतिशत, पुरुष ५० प्रतिशत)
जुट खेतीमा आवद्ध कृषक परिवार (झापा, मोरङ, सुनसरी)		करिब ७,५००
निकासी (गत आर्थिक वर्ष)		रु. १० अर्बभन्दा बढी

उत्पादन विविधता: जुटको कपडा, बोरा, सुतली, सपिङ ब्याग, हस्तकलाका सामग्री र Soil Saver जस्ता नयाँ उत्पादन । निकासी मुख्यत: भारत तर्फ ।



३. तथ्यांकको विश्लेषण


विवरण	गणना	प्रभाव
बन्द भएका उद्योग	कुल ११ मध्ये ५ वटा-करिब ४५ प्रतिशत	करिब आधा बन्द
क्षमता उपयोग	कुल १,०४,००० मे.टन मध्ये ५९,००० मे.टन	५६.७ प्रतिशत
प्रयोग नभएको क्षमता	४५,००० मे.टन (करिब ४३ प्रतिशत)	लगानी गरिएको क्षमताको ठूलो हिस्सा निष्क्रिय
आन्तरिक कच्चा जुट	२०-२५ प्रतिशत	आवश्यकताको न्यून मात्रा मात्र स्वदेशी
आयात आवश्यकता	७५-८० प्रतिशत	कच्चा पदार्थमा परनिर्भरता
प्रति उद्योग औसत रोजगारी	करिब २,६०० जना	श्रम-प्रधान उद्योग
लैकिक सन्तुलन	५०:५० प्रतिशत	महिलाका लागि ठूलो रोजगारको श्रोत

विश्लेषणात्मक निष्कर्षहरू:

१. ४३ प्रतिशत क्षमता प्रयोग विहीन हुनु बजार, लागत, कच्चा पदार्थको समस्या ।


२. ७५-८० प्रतिशत आयातित कच्चा पदार्थमा निर्भर ।

३. निकासी मुख्यत भारततर्फ हुदा भारतको नीति परिवर्तनले सीधा असर गर्छ ।



४. आर्थिक तथा सामाजिक योगदान

- प्रत्यक्ष करिब १३,००० मानिसलाई रोजगारीको अवसर, महिला र पुरुषको समान सहभागिता ।
- झापा, मोरङ र सुनसरीका करिब ७,५०० विपन्न तथा मध्यम परिवार जुट खेतीमा प्रत्यक्ष आबद्ध । चाडपर्वको समयमा आवश्यक नगद रकमको भरपर्दो श्रोत ।
- गत आर्थिक वर्ष रु. १० अर्ब बढीको निकासीले व्यापार घाटा कम गर्न सहयोग ।




५. कृषि, माटो र वातावरणीय पक्ष

- जुट कटानीपछि खेतको उर्वराशक्ति बढ्छ जुटको पात र जरा स्वयं प्राकारिक मल बन्छन्, जसले त्यसपछिको बालीको उत्पादन बढाउछ ।
- अन्य बालीको तुलनामा जुटले १० गुणा बढी अक्सिजन उत्पादन गर्छ र वातावरण स्वच्छ राख्न सहयोग गर्छ।
- Biodegradable भएकाले प्रयोगपछि अन्ततः मलको रूपमा प्रयोग र प्लास्टिकको विकल्प बन्छ ।
- जुट खेतीले कार्बन उत्सर्जन घटाउछ, सरकारले कार्बन क्रेडिट बापत थप आम्दानी गर्नसक्ने ।
- जुट बोरा मात्र होइन, माटो, हावा र किसानको जीवनसंग जोडिएको प्राकृतिक चक्र ।

६. प्रमुख चुनौती


- आवश्यकताको ७५-८० प्रतिशत कच्चा पदार्थ आयात ।
- कुल जडित क्षमताको करिब ५० प्रतिशत मात्र प्रयोगमा ।
- कुल सञ्चालनमा रहेका ११ मध्ये ५ उद्योग बन्द, बैंकी ६ पनि संकटमा ।
- जनवरी ५, २०१७ देखि Anti Dumping Duty लागू छ र भारतको DGTR ले २०२६ अक्टोवर देखि ४ गुणा थप वृद्धि गरेको छ । साथै २९ सेप्टेम्बर, २०२५ को सूचना मार्फत DGTR ले Counter Vailing Duty (CVD) को प्रस्ताव गरि MoF मा पठाएको छ ।
- छिमेकी मुलुकको तुलनामा अनुदान, सहुलियत ऋण र जुटका वस्तुको अनिवार्य प्रयोगको व्यवस्था नभएको । जुट खेतीमा तीन जिल्लाका कृषकको मात्र आबद्धता ।
- जुट खेती र उद्योगको संरक्षका लागि छुट्टै संस्थागत निकायको अभाव ।



७. छिमेकी मुलुकहरूसंगको तुलना

क्षेत्र	बंगलादेश	भारत	नेपाल
संस्थागत संरचना	छुट्टै जुट मन्त्रालय	जुट कमिसनर	छुट्टै निकाय छैन
खाद्यान्न प्याकेजिङमा जुट	अनिवार्य	अनिवार्य	अनिवार्यता छैन
निकासी अनुदान	८-२० प्रतिशत	उपलब्ध (पुंजीगत नगद अनुदान तथा सहुलियत ऋण)	निरन्तरताको माग
प्रविधि/विविधीकरणमा सहयोग	अनुदान	सहुलियत ऋण र अनुदान	सीमित
सरकारी खरिद		FCI ले लागतमा मुनाफा थपेर खरिद गर्छ	FCI माग मा सहभागी हुन पाउनुपर्ने माग

बंगलादेश र भारतले जुटलाई राष्ट्रिय रणनीतिको विषय बनाएका छन ।



८. अवसर

१. राष्ट्रिय व्यापार एकीकृत रणनीति (NTIS) मा जुट समावेश भएकाले नीतिगत आधार तयार छ ।

२. प्लास्टिकको विकल्पको रूपमा biodegradable उत्पादनको माग ।

३. झापा, मोरङ र सुनसरीको तराईका क्षेत्रमा जुट खेती प्रवर्द्धन गरी स्थानीय कच्चा पदार्थको दीर्घकालीन स्रोतको व्यवस्था ।

४. वस्तु विविधीकरण, Value Addition, सपिङ ब्याग, Soil Saver जस्ता उच्च मूल्यका उत्पादन ।
५ जुट खेतीले कार्बन उत्सर्जन घटाउने भएकाले कार्बन क्रेडिट मार्फत अतिरिक्त आम्दानीको सम्भावना ।
६. महिला र पुरुषको समान सहभागिता भएको ग्रामीण तथा औद्योगिक रोजगारी ।
७. निकासी वृद्धि र आयात प्रतिस्थापनबाट विदेशी मुद्रा आर्जन तथा व्यापार घाटा न्यूनीकरण ।

९. यस उद्योगको प्रवर्द्धनका लागि गर्नुपर्ने व्यवस्था:

- निर्यात अनुदानमा साविकको व्यवस्था कायम,
- जुट उद्योगमा विद्युत सहुलियत मिटर जडानको व्यवस्था,
- आन्तरिक उपभोगमा जुटजन्य उत्पादनको अनिवार्य प्रयोग,
- जुट खेती प्रवर्द्धनका लागि जुट विकास केन्द्र स्थापना,
- उपरोक्त विषयहरू उद्योग, अर्थ र सम्बन्धीत निकायको अध्ययन प्रतिवेदन (२०६८), नेपाल राष्ट्र बैंकको अध्ययन प्रतिवेदन (२०६८) र उद्योग मन्त्रालयका अध्ययन प्रतिवेदन (२०७३ र २०७८) मा औंल्याइएका छन् तर कार्यान्वयन हुन सकेको छैन ।
- Anti Dumping Duty हटाउन, CVD नलगाउन, तथा नेपाल-भारत वाणिज्य सन्धि २००९ को मर्म अनुरुप नेपाली जुट उद्योगलाई FCI को माग (खरिद) मा सहभागी हुन दिइने विषयमा भारत सरकार समक्ष कूटनीतिक पहल हुन आवश्यक छ ।

१०. विकास, विस्तार र संरक्षणका लागि अपनाउनु पर्ने तत्काल, मध्यकालीन र दीर्घकालीन उपाय

क. तत्काल (६ महिना देखि १ वर्ष)

- निर्यात अनुदान निरन्तरता र विद्युत सहुलियत मिटर जडानको निर्णय गर्ने ।
- भारत सरकार (DGTR, FCI) संग कूटनीतिक पहल गरी CVD नलगाउन र ADD हटाउन पहल गर्ने ।
- खाद्यान्न र कृषि उपजको प्याकेजिङमा जुट बोराको अनिवार्य प्रयोगको व्यवस्था गर्ने ।

ख. मध्यकालीन (१ देखि ३ वर्ष)

- जुट विकास केन्द्र स्थापना गरी उन्नत बीउ, प्रविधि, तालिम र मूल्य सूचना उपलब्ध गराउने ।
- जुट कृषकलाई न्यूनतम समर्थन मूल्य, बीउ/मल अनुदान र खरिद ग्यारेन्टी दिने ।
- जुट खेती तराईका अन्य उपयुक्त जिल्लामा विस्तार गर्न सम्भाव्यता अध्ययन गर्ने ।
- मेसिन आधुनिकीकरण र उत्पादनशीलता वृद्धिका लागि प्रविधि अनुदान दिने ।
- जुट कमिसनर वा जुट बोर्ड जस्तो छुट्टै निकाय स्थापना गर्ने ।

ग. दीर्घकालीन (३ देखि १० वर्ष)

- सपिङ ब्याग, Soil Saver, हस्तकला र प्याकेजिङ उत्पादनको रुपमा वस्तु विविधीकरण ।
- जुटका उत्पादनको तेस्रो मुलुकमा बजारीकरण गरी हरित ब्रान्डिङ ।

जुट उद्योग: विगत, वर्तमान, चुनौती र अवसर

नेपालको पहिलो औद्योगिक प्रतिष्ठान (वि.सं. १९९३) को आजको अवस्था, तथ्यांकमा आधारित इयासबोर्ड

१३,०००	७,५००	रु. १० अर्ब +
प्रत्यक्ष रोजगारी (जना)	आबद्ध कृषक परिवार	गत वर्षको निकासी

११ → ६	५६.७%	७५–८०%
चालु उद्योग (विगत → हाल)	क्षमता उपयोग	कच्चा जुट आयात निर्भरता


उद्योग र उत्पादन क्षमता

११ उद्योगमध्ये ५ बन्द (४५%)



चालु (६ सञ्चालनमा) बन्द (५)

जडित क्षमताको प्रयोग





वास्तविक उत्पादन अप्रयुक्त (४३.३%)

जडित क्षमता १,०४,००० मे.टन/वर्ष

कच्चा पदार्थको स्रोत

आवश्यक कच्चा जुट: अनुमानित ६४,००० मे.टन



आयात (भारत/बंगलादेश)
४८,००० - ५१,२०० मे.टन

स्वदेशी आपूर्ति
१२,८०० - १६,००० मे.टन

मात्रा आवश्यकता × हिस्साबाट गरिएको अनुमान हो।

रोजगारी र कृषक आबद्धता

प्रत्यक्ष रोजगारी १३,००० जना

महिला ६,५०० | पुरुष ६,५०० (महिला-पुरुष ५०:५० (अनुमान) . प्रति उद्योग औसत करिब २,६०० जना)

आबद्ध कृषक परिवार ७,५००

झापा, मोरङ र सुनसरी – जुट खेतीमा आबद्ध तीन जिल्ला।

निकासी मुख्यत: भारततर्फ, गत आर्थिक वर्ष रु. १० अर्बभन्दा बढी।

६ प्रमुख चुनौती

१ कच्चा पदार्थमा परनिर्भरता

आवश्यकताको ७५-८० प्रतिशत कच्चा जुट आयात।

२ क्षमताको कम उपयोग

करिब ५७ प्रतिशत मात्र प्रयोगमा, ४३ प्रतिशत निष्क्रिय।

३ उद्योग बन्दी

११ मध्ये ५ उद्योग बन्द, बाँकी ६ सङ्कटमा।

४ भारतको व्यापार अवरोध

२०१७ जनवरी ५ देखि Anti Dumping Duty, DGTR ले २०२६ अक्टोबरदेखि ४ गुणा थप वृद्धि गरेको र २०२५ सेप्टेम्बर २९ को सूचनाबाट CVD लगाउनमा MOF पठाएको

५ नीतिगत सहयोगको अभाव

छिमेकी मुलुकको तुलनामा अनुदान, सहुलियत ऋण र जुट वस्तुको अनिवार्य प्रयोगको व्यवस्था छैन।

६ कृषि र संस्थागत कमजोरी

तीन जिल्लाका कृषक मात्र आबद्ध, छुट्टै संस्थागत निकायको अभाव।

छिमेकी मुलुकसँग तुलना

क्षेत्र	बंगलादेश	भारत	नेपाल
संस्थागत संरचना	छुट्टै जुट मन्त्रालय	जुट कमिसन	छुट्टै निकाय छैन
खाद्यान्न प्याकेजिङमा जुट	अनिवार्य	अनिवार्य	अनिवार्यता छैन (माग गरिएको)
निकासी अनुदान	८-२० प्रतिशत उपलब्ध (पुँजीगत नगद अनुदान तथा सहुलियत ऋण), पीडीएफको तालिकामा देश-वार स्तम्भ अस्पष्ट		निरन्तरताको माग
सरकारी खरिद	----	FCI ले लागतमा मुनाफा थपेर खरिद गछ	FCI माग (खरिद) मा सहभागी हुन पाउनुपर्ने माग

९ अवसर

नीतिगत आधार
राष्ट्रिय व्यापार एकीकृत रणनीति (ल्क्ष्क) मा जुट समावेश।

प्लास्टिकको विकल्प
बढ्दो वातावरणीय चेतना र बायोडिग्रेडेबल उत्पादनको माग।

स्थानीय कच्चा पदार्थ
झापा, मोरङ, सुनसरी र तराई क्षेत्रमा जुट खेती प्रवर्द्धन।

वस्तु विविधीकरण
सपिङ ब्याग, हस्तकला, क्याष्क्बखभच जस्ता उच्च मूल्यका उत्पादन।

कार्बन क्रेडिट
जुट खेतीले कार्बन उत्सर्जन घटाउने भएकाले अतिरिक्त आम्दानीको सम्भावना।

रोजगारी
ग्रामीण तथा औद्योगिक क्षेत्रमा महिला-पुरुष समान सहभागिता।

विदेशी मुद्रा
निकासी वृद्धि र आयात प्रतिस्थापनबाट व्यापार घाटा न्यूनीकरण।

माटो र वातावरण
जुट काठेपछि जरा र पात मलका रूपमा फर्कने, अन्य बालीभन्दा १० गुणा बढी अक्सिजन।

रणनीतिक मान्यता
बंगलादेश र भारतले जुटलाई राष्ट्रिय रणनीतिको विषय बनाएका।

सुझाइएका उपाय (समयसीमाअनुसार)

तत्काल (६ महिना-१ वर्ष)

- निकासी अनुदान निरन्तरता र बिजुली सहुलियत भिटर जडान
- भारत सरकार (DGTR, FCI) सँग कूटनीतिक पहल गरी ADD/CVD न्यूनीकरण
- खाद्यान्न र कृषि उपजको प्याकेजिङमा जुट बोरा अनिवार्य

मध्यकालीन (१-३ वर्ष)

- जुट विकास केन्द्र स्थापना (उन्नत बीउ, प्रविधि, तालिम, मूल्य सूचना)
- कृषकलाई न्यूनतम समर्थन मूल्य, बीउ/मल अनुदान र खरिद ग्यारेन्टी
- तराईका अन्य जिल्लामा सम्भाव्यता अध्ययन
- मेसिन आधुनिकीकरण, जुट कमिसन/बोर्ड जस्तो छुट्टै निकाय

दीर्घकालीन (३-१० वर्ष)

- सपिङ ब्याग, क्याष्क्बखभच, हस्तकला, फर्निसिङ र प्याकेजिङमा विविधीकरण
- तेस्रो मुलुकमा हरित ब्रान्डिङ
- कार्बन क्रेडिट कार्यक्रममा समावेश
- विश्वविद्यालय र निजी क्षेत्रसँग अनुसन्धान र निर्यात प्रवर्द्धन साझेदारी

मुख्य निष्कर्ष

- ११ मध्ये ५ उद्योग बन्द, बाँकी ६ सङ्कटमा।
- जडित क्षमताको करिब ४३% प्रयोगविहीन।
- ७५-८०% कच्चा जुट भारत/बंगलादेशबाट आयात।
- निकासी मुख्यत: भारततर्फ, त्यहाँको ब्लतष्क्च ग्जबउष्लन ग्जतथ र ऋस्ख्क जोखिम।
- जुटले १३,००० प्रत्यक्ष रोजगारी र ७,५०० कृषक परिवारलाई आधार दिएको।
- जुट बायोडिग्रेडेबल र प्लास्टिकको विकल्प, कार्बन क्रेडिटको सम्भावना।

निष्कर्ष:

तथ्यांकले देखाउछ, नेपाली जुट उद्योगको समस्या माग वा सम्भावनाको कमी होइन । नीतिगत संरक्षणको अभाव, भारतीय बजारका व्यापार अवरोध (ADD/CVD), कच्चा पदार्थको आन्तरिक आपूर्ति र ऊर्जा लागत मूलत: यी चार क्षेत्रमा समस्या केन्द्रित छ । यी क्षेत्रमा आवश्यक सुधार र पहल भए उद्योग पुन: उठ्न सक्ने ।

उद्योगी/व्यवसायीका मुद्दा लिएर संसदीय समितिमा उद्योग संगठन मोरङ

उद्योग व्यवसाय क्षेत्रमा देखिएका व्यावहारिक तथा नीतिगत समस्याका सम्बन्धमा उद्योग संगठन मोरङले संघीय संसद्, प्रतिनिधि सभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित संरक्षण समिति समक्ष **२०८३ असोज १२ गते** उद्योग संगठन मोरङका अध्यक्ष श्री नन्द किशोर राठीले प्रस्तुत गर्नु भएको मन्तब्य :



माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरू, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित संरक्षण समितिका सम्पूर्ण माननीय सदस्यज्यूहरू, उपस्थित सरोकारवाला महानुभावहरू,

म आज विराटनगरबाट यहा आएको छु । गुनासोको पोको बोकेर होइन, उद्योग बचाउने केही प्रश्न बोकेर । आज यहा म एक व्यक्तिको हैसियतमा बोलिरहेको छैन । मेरो स्वरमा खेतबारी छाडेर कारखानामा आएका श्रमिकको पसिना छ, ऋण लिएर सपना बुनेका उद्योगीको चिन्ता छ र आफनै देशमा केही गर्न चाहने सबै निजी क्षेत्रको मन छ । निजी क्षेत्रको आत्मा आज बोल्न चाहन्छ, चर्को स्वरमा होइन, भारी मनले । उद्योगीका पीडा धेरै छन । तर आज म ती पीडा गाउन आएको होइन । म चाहन्छु, हरेक पीडापछि एउटा प्रश्न उठोस र हरेक प्रश्नपछि राज्यले एउटा निर्णय गरोस । किनभने उद्योगीलाई अब आश्वासन होइन, निर्णय चाहिएको छ ।

यो सभामा म कसैलाई दोष दिन आएको होइन । म त एउटै कुरा सोध्न आएको हु: हामीले के बिराएका थियौ र आज यहासम्म आइपुग्दा निजी क्षेत्र यति एक्लो, यति शंकित र यति थकित भयो ? यो प्रश्न म तपाईंहरूसंग मात्र गरिरहेको छैन, आफैसंग पनि गरिरहेको छु ।

१. ७ किलोमिटर बाटो, ७ वर्षको प्रतीक्षा

हुलाकी राजमार्गको कटहरी-विराटनगर खण्ड । लम्बाइ करिब ७ किलोमिटर मात्र । तर त्यो बाटोले हामीलाई ७ वर्षदेखि पर्खाइरहेको छ । ठेक्का लाग्यो । काम भएन । ठेक्का टुट्यो । फेरि नयाँ प्रक्रिया सुरु भयो । आज त्यो बाटोमा मानिस हिँडडुल गर्दैनन्, ज्यान हत्केलामा राखेर बाटो काट्छन । त्यही बाटो छेउमा सयभन्दा बढी

उद्योग छन । हरेक दिन कच्चा पदार्थ आउछ, तयारी सामान बाहिर जान्छ र श्रमिकहरू आफनो रोजीरोटी खोज्दै आउजाउ गर्छन ।

माननीयज्यूहरू,

छ किलोमिटरको बाटो कुनै ठूलो राष्ट्रिय योजना होइन । यसका लागि संसदले बजेटको कुनै नया सिद्धान्त बनाउनुपर्दैन । आज निर्णय गरेर आजै काम अघि बढाउन सकिने विषय हो ।

२. बिजुली: उज्यालो भन्दा पहिले विश्वास

उद्योगलाई बिजुली चाहिन्छ । तर बिजुली मात्र होइन, भरपर्दो बिजुली चाहिन्छ । बर्जु र केरौनको सबस्टेशन सञ्चालनमा आएपछि औद्योगिक क्षेत्रमा बिजुली आपूर्ति दिगो र भरपर्दो हुन्छ भनिएको थियो । हामीले त्यो कुरामा विश्वास गर्यौं, योजना बनायौं, आशा पनि वाध्यौं । तर सबस्टेशन सञ्चालनमा आउन अझै ढिलाइ भइरहेको छ । अर्कोतर्फ, सुरुखायाममा औद्योगिक क्षेत्रमा दैनिक चारदेखि सात घण्टासम्म बिजुली कटौती हुने अवस्था आउछ । हामीले आकाशको चन्द्रमा माग्रेका छैनौ । हामीलाई एउटा सानो कुरा भनिदिनुहोस: "यस वर्ष यति घण्टा, यति दिन, यसरी व्यवस्थापन हुन्छ ।" त्यो थाहा पाएपछि हामी आफनो उत्पादन योजना बनाउछौ । श्रमिकको काम मिलाउछौ । कच्चा पदार्थ मगाउछौ । अर्डर लिन्छौ । ग्राहकलाई डेलिभरीको मिति दिन्छौ । तर बिजुली कहिले जान्छ भन्ने नै थाहा नहुने हो भने, उद्योगले योजना कसरी बनाओस ? लोडसेडिङ शब्दसंग उद्योगी डराउदैन । उद्योगी त अनिश्चिततासंग डराउछ । त्यसैले यस वर्षको सुरुखायामको बिजुली व्यवस्थापनबारे अहिल्यै सार्वजनिक योजना ल्याइदिनुहोस । यसका लागि कुनै नया कानुन चाहिदैन ।

३. सार्वजनिक बिदा: उत्पादन र सेवा एउटै तालमा चल्नुपर्छ

हामी उत्पादन बढाउने कुरा गर्छौं । तर उद्योग खुलेको दिन बैंक बन्द हुन्छ । बैंक खुलेको दिन सरकारी कार्यालय बन्द हुन्छ । सरकारी सेवा चाहिएको दिन सार्वजनिक बिदा पर्छ । उद्योग त वर्षको ३६५ दिन घुम्ने आर्थिक पाङ्ग्रा हो । राज्यका सेवा पनि त्यही पाङ्ग्रासंग तालमेल मिलाएर चल्न सके, उत्पादन र सेवा एकअर्काको बोझ होइन, सहारा बन्थे । तसर्थ सार्वजनिक बिदाको संख्या, साताको दुई दिनको बिदा र औद्योगिक उत्पादनको प्रकृतिबीच तालमेल मिलाउन पुनर्विचार गरौ भन्ने हाम्रो आग्रह हो । उद्योग खोल्न दिनु मात्र पर्याप्त हुदैन । उद्योग चल्ने वातावरण पनि बनाउनुपर्छ ।

४. जुट-एउटा उद्योगको होइन, नेपालको निर्यात र रोजगारीको प्रश्न

अब म अलि गम्भीर विषयतर्फ आउछु । नेपालको औद्योगिक इतिहासको जननी जुट उद्योग, यही उद्योगले विराटनगरलाई औद्योगिक सहरको चिनारी दियो । तर आज सातवटा जुट उद्योग बन्द हुने जोखिममा छन् । प्रत्यक्ष रूपमा करिब १५ हजार रोजगारी यससंग जोडिएको छ ।

भारतको व्यापार उपचार महानिर्देशनालय (Directorate General of Trade Remedies, DGTR) ले सन् २०२५ सेप्टेम्बर २९ मा नेपाल र बंगलादेशबाट आयात हुने जुट उत्पादनमाथि प्रतिकारात्मक शुल्क (Countervailing Duty) सम्बन्धी अनुसन्धान सुरु गर्यो र सन् २०२६ सेप्टेम्बर २८ मा आफनो अन्तिम निष्कर्ष (Final Findings) प्रकाशित गर्यो । त्यसमा नेपालका केही जुट उत्पादकका लागि प्रतिकारात्मक शुल्क लगाउन सिफारिस समेत गरिएको छ । अब अर्को पक्ष पनि हेरौ । भारत आफै जुटको ठूलो उत्पादक र उपभोक्ता हो । भारत सरकारको तथ्यांक अनुसार आर्थिक वर्ष २०२५/२६ मा भारतले १२ लाख ८० हजार मेट्रिक टन जुटजन्य

वस्तु उत्पादन गर्यो र १२ लाख ५ हजार मेट्रिक टन आफनै बजारमा खपत गर्यो । त्यहाको संगठित जुट उद्योगमा करिब ३ लाख ७० हजार मानिसले प्रत्यक्ष रोजगारी पाएका छन् र करिब ४० लाख किसान परिवार जुट खेतीसंग जोडिएका छन् ।

जुट उद्योग स्थानीय कृषकसंग प्रत्यक्ष जोडिएको हुदा जुट खेतीलाई थप प्रवर्द्धन गर्दै लैजानुपर्ने आवश्यकता छ । यो वातावरणमैत्री तथा अर्गानिक उत्पादन भएको हुनाले भविष्य भएको क्षेत्र हो । त्यसैले हामीले भावनाले होइन, तथ्यले बुझ्नुपर्ने हुन्छ । यो भारतले आफनो उद्योग र किसानको हित जोगाउन चालेको व्यापार संरक्षणको कदम मात्र हो कि होइन, यो प्रश्न हामीले इमानदारीपूर्वक सारुनुपर्छ ।
आफनो उद्योग र रोजगारीको हित हेर्नु भारतका लागि स्वाभाविक हो । हामी त्यसको सम्मान गर्छौं । तर आफना १५ हजार रोजगारी, आफनो निर्यात र आफनो उद्योग जोगाउने अधिकार नेपालसंग पनि छ । त्यसैले यो विषय केवल मन्त्रालयको पत्राचारमा सीमित रहनु हुदैन । यसको उच्चस्तरीय राजनीतिक र कूटनीतिक समाधान खोजिनुपर्छ । भारतसंग उच्चस्तरीय संवाद होस् । नेपाल-भारत व्यापार सम्बन्धी संयन्त्रमा यो विषय उठोस् । दुवै देशका निजी क्षेत्रबीच पनि संवाद होस । हामी भारतसंग विवाद खोज्न चाहदैनौ । हामी त आफनो उद्योग बचाउने सम्मानजनक बाटो खोजिरहेका छौ । १५ हजार मानिसको रोजगारी गुमेपछि राहत बँड्नु समाधान होइन । आज उद्योग जोगाउनु नै समाधान हो ।

५. तार उद्योग: रु. ४.५० को अन्त:शुल्कले निर्यातलाई कहाँ पुर्‍यायो ?
अब अर्को उदाहरण, जी.आई. तार (GI wire) उद्योग । उपलब्ध व्यापार तथ्यांक अनुसार विराटनगर भन्सारबाट जी.आई. तारको निर्यात, आर्थिक वर्ष २०७५/७६ मा २२,७४० मेट्रिक टन थियो, र आर्थिक वर्ष २०७८/७९ मा झरेर ६७२ मेट्रिक टनमा आइपुग्यो । हाल शुन्य छ । मुख्य कारण कच्चा पदार्थ एम.एस. रडमा लाग्ने प्रतिकिलो रु.४/५० अन्त:शुल्क हो । अन्त:शुल्क मात्रै हैन यसको तयारी उत्पादनमा समेत प्रति के.जि ५ रुपैया अन्त:शुल्क छ । कच्चा पदार्थ र तयारी वस्तु दुवैमा यस्तो भार पर्दा भारतीय उत्पादनसंग प्रतिस्पर्धा गर्न कठिन भयो ।

हामी तयारी सामान निर्यात गर्न चाहन्छौ । तर कच्चा पदार्थमै कर लगाएर उद्योगको खु । बँधिदियौ भने त्यो कसरी सम्भव होला ? एउटा कर नीतिले उद्योगलाई रोक्न सक्छ र त्यसैगरी एउटा कर नीतिले उद्योगलाई फेरि उठाउन पनि सक्छ । त्यसैले कच्चा पदार्थमा लाग्ने असंगत अन्त:शुल्कको तत्काल पुनरावलोकन होस्, यो हाम्रो आग्रह हो । यो हाम्रो अनुमान मात्र होइन, उद्योगहरुका प्रमाणित तथ्यांकमा आधारित कुरा हो । यदी कच्चा पदार्थमा अन्त:शुल्क खारेज गर्ने हो भने वार्षिक ३० हजार मे.ट. निर्यातको ग्यारेन्टी हामी दिन्छौं । सरकारले एउटा लक्ष्य नै तोकोस्, "यो कर सुधारपछि हामी यति निर्यात बढाउँछौ ।"

६. स्वदेशी उत्पादनलाई आफनै देशमा दोस्रो दर्जाको उत्पादन नबनाऔ (Deemed Export)

सरकारका ठूला परियोजना जो International Competetive Biding मार्फत सञ्चालन हुने परियोजना र हाईड्रो

पावर प्रोजेक्टहरुले प्रयोग गर्ने सामाग्रि जस्तै केवल र ACSR कन्डक्टर आयात गर्दा भ्याट र भन्सार शुल्क पूर्ण छुटको सुविधा पाउछन तर यही वस्तु नेपालमा उत्पादन गर्दा लाग्ने कच्चा पदार्थको भन्सार शुल्क तिर्नुपर्ने अवस्था छ । हामीसंग त्यही सामान उत्पादन गर्ने नेपाली उद्योग छन्, गुणस्तर छ, क्षमता छ । तर खरिद गर्दा आयातित उत्पादनलाई सुविधा र स्वदेशी उत्पादनलाई बेवास्ता गरियो भने, एउटा उद्योगीको मनमा स्वाभाविक

रूपमै यो प्रश्न उठ्छ, "आफनै देशमा उत्पादन गरेर पनि हामी किन दोस्रो विकल्प ?" त्यसैले ठूला परियोजनामा गुणस्तर र मापदण्ड पूरा गर्ने स्वदेशी उत्पादनलाई विदेशी उत्पादनसरह प्रतिस्पर्धाको (Deemed Export) **को** सुविधा र प्राथमिकता दिने व्यवस्था आवश्यक छ ।

७. बिजुलीमा मूल्य अभिवृद्धि कर: हाम्रो तुलनात्मक लाभलाई बोझ नबनाऔ

नेपालको सबैभन्दा ठूलो सम्भावना बिजुली हो । तर बिजुली नै उद्योगका लागि महंगो लागत बन्न थाल्यो भने, हाम्रो तुलनात्मक लाभ कहा रहयो ? विशेषगरी निर्यातमुखी उद्योग, खाद्यान्न तथा औषधिजन्य उद्योग र साना तथा घरेलु उद्यमलाई यसको लागत प्रभाव अझ गाहिरो पर्छ । त्यसैले हाम्रो आग्रह स्पष्ट छ: उद्योगलाई प्रतिस्पर्धी बनाउने हो भने बिजुलीको कर संरचनालाई पुनरावलोकन गरौ । बिजुली हाम्रो प्रतिस्पर्धात्मक शक्ति बनोस्, कमजोरी होइन ।

८. वातावरण: विकास र संरक्षणलाई आमनेसामने किन उभ्याउने ?

हामी वातावरणका विरोधी होइनौ । हामी पनि यही माटो, यही हावा र यही पानीमा बाचेका छौ । तर एउटा प्रश्न छ: हामीलाई उद्योग चाहिन्छ कि चाहिदैन ? चाहिन्छ भने वातावरणीय अध्ययन पनि चाहिन्छ । तर त्यो जोखिम अनुसारको, समयबद्ध र वैज्ञानिक प्रक्रिया हुनुपर्छ । वातावरणमा न्यून प्रभाव पार्ने उद्योगलाई पनि वर्षौसम्म प्रक्रियामा अल्झाइयो भने, लगानीकर्ताले उद्योगसंग होइन, फाइलसंग लड्नुपर्छ । हामी वातावरणीय प्रभाव मूल्यांकन (EIA) को विरोधी होइनौ । हामी त EIA का नाममा हुने अनिश्चितताको विरोधी हौ ।

९. लजिस्टिक लागत: कर घटाएर मात्र उद्योग प्रतिस्पर्धी हुदैन

तीस वर्षअघि विराटनगरबाट वीरगञ्ज पुग्न करिब १० घण्टा लाग्थ्यो । वीरगञ्जबाट काठमाडौ करिब ८ घण्टा । आज हामीले आफैलाई सोध्नुपर्छ, हामी अघि बढ्यौ कि पछाडि फर्कियौ ? उद्योगको लागत करले मात्र निर्धारण गर्दैन । समय पनि लागत हो । ढुवानी पनि लागत हो । सीमा पनि लागत हो । लोडिङ-अनलोडिङ पनि लागत हो । नेपालमा उत्पादन सस्तो बनाउने हो भने नेपालभित्र सामान चल्ने समय र खर्च घटाउनुपर्छ ।

१०. रेल आयो, तर नियमित भएन

अब विराटनगर ICP र रेल पूर्वाधारको कुरा गरौ । तेस्रो मुलुकबाट सामान ल्याउन रेलको सम्भावना खुल्यो । उद्घाटन पनि भयो । सामान पनि आयो । तर नियमित हुन सकेन । रेल कम्पनी ठूलो परिमाणको बुकिङ माग्छ । उद्योगी भन्छ, "नियमित तालिका दिनुहोस्, माग हामी बनाउछौ ।" यो त पहिले कुखुरा कि पहिले अण्डा भन्ने जस्तो अलमल भयो । यस्तो बेला सरकारले दुवै पक्षलाई एउटै टेबलमा राखेर समाधान खोजिदिनुपर्छ । किनभने पूर्वाधार बनिसकेपछि त्यसलाई चलाउन नसक्नु व्यवस्थापनको कमजोरी मात्र होइन, यो सार्वजनिक लगानीको प्रतिफलसंग जोडिएको प्रश्न पनि हो ।

११. उधारो: बजार चलिरहेको छ, तर पैसा बाटोमै अड्किएको छ

आज उद्योगीले सामान बेच्छ । बिल काट्छ । सामान बजारमा पुग्छ । तर पैसा फर्किदैन । त्यो पैसा बैंकमा जानुपर्ने थियो । श्रमिकको तलबमा जानुपर्ने थियो । फेरि कच्चा पदार्थ किन्न चाहिने थियो । एउटा उद्योगको उधारो अड्किदा एउटा उद्योग मात्र रोकिदैन, आर्थिक चक्र नै रोकिन्छ । राज्यको पैसा उठाउन राज्यसंग आफनै संयन्त्र छ । निजी क्षेत्रले वैध कारोबारबाट पाउनुपर्ने रकम सुरक्षित गर्ने प्रभावकारी कानुनी आधार पनि त्यतिकै आवश्यक

छ । त्यसैले उद्यारो कारोबार सम्बन्धी कानुन अब ढिला नगरियोस ।

१२. राज्यको साझेदारी कति राम्रो

अब म अलि फरक प्रश्न राख्न चाहन्छु । निजी क्षेत्रले आफनै पैसा लगाएर उद्योग खोल्छ । ऋण लिन्छ । जग्गा धितो राख्छ । बजार खोज्छ । श्रमिक राख्छ । बिजुलीको बिल तिर्छ । बैंकको ब्याज तिर्छ । कर तिर्छ । घाटा भयो भने उद्योगीको । तर नाफा भयो भने राज्यले पनि कर पाउछ । सामान्य व्यावसायिक निकायमा आयकरको दर २५ प्रतिशत रहेको कर प्रशासनको विवरण छ, यद्यपि उद्योग अनुसार फरक दर र छुटको व्यवस्था पनि हुन सक्छ।

अलिकति पीडाको व्यंग्य गरेर म सोध्न चाहन्छु, "कस्तो राम्रो साझेदारी रहेछ राज्यको" लगानी उद्योगीको । जोखिम उद्योगीको । ऋण उद्योगीको । बजारको जोखिम उद्योगीको । घाटा उद्योगीको । तर नाफा भयो भने राज्यको पनि कर । यहा प्रश्न राज्यले कर किन लियो भन्ने होइन । प्रश्न त यो हो: राज्यले आफनो हिस्सा लिने हो भने उद्योगीलाई उद्योग गर्न सजिलो किन नबनाउने ? राज्य र निजी क्षेत्रको सम्बन्ध कर उठाउने र कर तिर्नेको मात्र होइन । यो साझेदारीको सम्बन्ध हो ।

१३. सरकारी उद्योग हाम्रो, निजी उद्योग तिम्रो

सरकारले हेटौडा कपडा उद्योग पुन: सञ्चालन गर्न खोज्नु सकारात्मक कुरा हुन सक्छ । बन्द उद्योग चलोस । रोजगारी सिर्जना होस । स्वदेशी उत्पादन बढोस । निजी क्षेत्र यसको विरोधी होइन । तर यही बेला समाजमा देखिएको एउटा मनोविज्ञानले हामीलाई सोच्न बाध्य बनाएको छ, "सरकारी उद्योग हाम्रो, निजी उद्योग तिम्रो ।" सरकारी उद्योग चल्दा ताली बज्ने, तर निजी उद्योगीलाई शंकाको आँखाले हेर्ने प्रवृत्ति बढ्दै गयो भने हामी कहा पुग्छौ ? सरकारले उद्योग चलाउन खोज्नु एउटा कुरा हो । तर त्यसैका कारण निजी क्षेत्रसंग प्रतिस्पर्धा गर्ने राज्य भन्ने सन्देश जानु अर्को कुरा हो । हामी सरकारसंग प्रतिस्पर्धा गर्न चाहदैनौ । हामी सरकारका आर्थिक साझेदार हौ । सरकारले एउटा उद्योग चलाओस्, स्वागत छ । तर त्यसैसंग हजारौ निजी उद्योग चल्ने वातावरण पनि बनाइदियोस ।

१४. समाजले उद्योगीलाई कसरी हेर्न थाल्यो ?

अब म सबैभन्दा संवेदनशील कुरा राख्न चाहन्छु । यो आरोप होइन, एउटा आत्मपरीक्षणको निम्तो हो । कहिलेकाही उद्योगीलाई हेर्ने समाजको भाष्य यस्तो बन्छ, उद्योगी भनेको नाफाखोर । व्यवसायी भनेको शंकास्पद । लगानीकर्ता भनेको केही लुकाएको मान्छे । विवादित घराना । सामाजिक सञ्जालमा एउटा उद्योगीमाथि आरोप लगाउन एक मिनेट लाग्छ । तर उसले त्यो उद्योग र आफनो पहिचान बनाउन दशकौं लगाएको हुन सक्छ ।
उसले ऋण लिएको हुन्छ । घर धितो राखेको हुन्छ । आफनो परिवारको सुरक्षा जोखिममा राखेको हुन्छ र हजारौ मानिसलाई रोजगारी दिएको हुन्छ । त्यसपछि पनि उसलाई सोधिन्छ, "नाफा कति खायौ ?" यो समामा बसेका हामी सबैले एकपटक मनमनै सोधौ, जानी वा नजानी, कुनै बेला मैले पनि उद्योगीलाई शंकाको नजरले हेरेको, कतै त्यस्तै कुरा बोलेको वा लेखेको त छैन ? कसैले बोलेको कुरा सुनेर मौन सहमति जनाएको त छैन ? हामी कसैलाई दोषी ठहर्याउन चाहँदैनौ । हामी त्यति मात्र बुझ्न चाहन्छौ, यो व्यवहार किन यसरी जरा गाइयो ? किन निजी क्षेत्रले आफनै देशमा सम्मानभन्दा पहिले शंका भोग्नुपर्यो ? हामीले राज्यसंग कस्तो व्यवहार खोजेका छौ ? हामीले खोजेको त सम्मान हो, विश्वास हो, समानताको व्यवहार हो । राज्यले निजी क्षेत्रलाई सम्मान गर्दैन भने, निजी क्षेत्रले जोखिम लिने हिम्मत कसरी गरोस ?

१५. अन्तिम कुरा: त्यो उद्योगीको कथा

म अन्त्यमा एउटा कथा सुनाउन चाहन्छु । एउटा गाउ थियो । त्यहा न बाटो थियो, न बिजुली । एउटा मानिसले सोच्यो, "यहँ उद्योग खोल्छु ।" बाटो थिएन, उसले आफै पहल गर्यो बिजुली थिएन, पोल ल्याउन दौडियो । सरकारी कार्यालय धायो । स्थानीयसंग कुरा गर्यो । ऋण लियो । जग्गा मिलायो । मेसिन ल्यायो । अनि एक दिन, त्यो सुनसान ठाउमा धुवा निस्किय्यो । त्यो प्रदूषणको धुवँ मात्र थिएन । त्यो रोजगारीको धुवा थियो । त्यो आशाको धुवँ थियो । त्यो गाउको भविष्यको सॉत थियो । उद्योग चल्न थाल्यो । कर्मचारी आए । कर्मचारीका लागि चिया पसल खुल्यो । त्यसपछि अर्को पसल । त्यसपछि होटल । जग्गा प्लटिङ भयो । घरहरु बने । बच्चाहरुका लागि विद्यालय आयो । बाटो बन्यो । बस्ती बस्यो । एउटा उद्योगको वरिपरि एउटा गाउ जन्मियो । तर केही वर्षपछि त्यही गाउले भन्यो, "अब यो उद्योग नै समस्या भयो ।" जसले गाउलाई जन्माउन बाटो खोल्यो, त्यही उद्योगलाई गाउले बाटो छेक्न थाल्यो । जसले बिजुली ल्याउन पहल गर्यो, त्यही उद्योगलाई बिजुलीको दोष लाउन थाल्यो । जसले रोजगारी दियो, त्यही उद्योगीलाई नाफाको अपराधी बनाइयो ।

यो कथा एउटा उद्योगको मात्र होइन । यो हाम्रो औद्योगिकीकरणको कथा हो । हामी उद्योग चाहन्छौ, तर उद्योग खोल्ने मानिसलाई सजिलो बनाउदैनौ । हामी रोजगारी चाहन्छौ, तर रोजगारदातालाई शंकाको दृष्टिले हेर्छौ । हामी निर्यात चाहन्छौ, तर निर्यात गर्ने उद्योगको लागत घटाउदैनौ । हामी आर्थिक विकास चाहन्छौ, तर आर्थिक विकास को पहिलो इन्जिन, उद्योगलाई नै थकाइरहन्छौ । त्यसैले आज म विराटनगरबाट यहा एउटा आग्रह छोडेर जान चाहन्छु, माननीयज्यूहरु, अब उद्योगीको गुनासो मात्र नसुनौ । उद्योगीले देशलाई के दिन सक्छ भन्ने पनि सुनौ । आजै गर्न सकिने काम आजै गरौ । छ किलोमिटर बाटो बनाऔ । सबस्टेशन चलाऔ । बिजुलीको योजना पहिल्यै सुनाऔ । जुट उद्योग बचाऔ । तार उद्योगलाई फेरि प्रतिस्पर्धी बनाऔ । रेल चलाऔ । लजिस्टिक लागत घटाऔ । उधारोको सुरक्षा गरौ । स्वदेशी उत्पादनलाई सम्मान गरौ र सबैभन्दा महत्वपूर्ण कुरा, उद्योगीलाई राज्यको समस्या होइन, राज्यको साझेदारका रुपमा हेर्ने दृष्टिकोण बनाऔ । किनभने, एउटा उद्योगको चिम्नीबाट निस्कने धुवा केवल धुवँ होइन, त्यो एउटा परिवारको चुलो हो, एउटा युवाको रोजगारी हो, एउटा किसानको बजार हो, र राज्यको राजस्व हो र अन्ततः, राष्ट्रको आर्थिक भविष्य हो । धन्यवाद ।

औद्योगिक क्षेत्रको साझा हितका विषयमा संगठन र संघ बीच सहकार्य थप प्रभावकारी बनाउने



उद्योग संगठन मोरङले मोरङ उद्योग व्यापार संघको नवनिर्वाचित अध्यक्ष, पदाधिकारी तथा कार्यसमिति सदस्यहरुको सम्मानमा स्वागत तथा परिचयात्मक कार्यक्रम २०८३ भाद्र ३० गते गरेको थियो ।

कार्यक्रममा उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले संघ र संगठनबीच लामो समयदेखि आत्मीय सम्बन्ध र सहकार्य रहदै आएको उल्लेख गर्दै दुई संस्थाबीचको सम्बन्धलाई अझ प्रगाढ, सुदृढ र प्रभावकारी बनाउदै लैजाने बताउनु भयो । उहाले निजी क्षेत्रले नीतिगत स्थायित्व, औद्योगिक पूर्वाधार, उत्पादन लागत, बजार विस्तार लगायतका क्षेत्रमा विभिन्न चुनौती सामना गरिरहेको बताउदै आयातमुखी अर्थतन्त्रलाई निर्यातमुखीमा रुपान्तरण गर्न निजी क्षेत्रका संस्थाहरुबीच थप समन्वय आवश्यक रहेको धारणा राख्नुभयो ।

मोरङ उद्योग व्यापार संघका नवनिर्वाचित अध्यक्ष अनिल कुमार उद्योग, व्यापार तथा निजी क्षेत्रको सामुहिक हितका सवालमा संघले संस्थागत सहकार्यलाई थप मजबुत बनाउने विचार व्यक्त गर्नुभयो । उहाले व्यापार व्यवसाय र आर्थिक गतिविधिलाई चलायमान बनाउन निजी क्षेत्रका संस्थाहरुबीच ऐक्यवद्धता अपरिहार्य रहेको बताउदै औद्योगिक र व्यावसायिक विकासका प्राथमिकता दिने धारणा राख्नुभयो ।

उद्योगको लागत घटाई अर्थतन्त्र प्रतिस्पर्धी बनाउन मन्त्री समक्ष उद्योग संगठन मोरङको आग्रह



उद्योग संगठन मोरङले संघीय सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दीपक कुमार साह समक्ष असोज ११ गते सुझाव प्रस्तुत गर्दै औद्योगिक र आर्थिक समृद्धिका लागि उद्योगको लागत घटाउदै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने वातावरण निर्माण भए मुलुकको अर्थतन्त्र थप सुदृढ र प्रतिस्पर्धी बन्ने धारणा राखेको छ ।

उद्योग संगठन मोरङको कार्यसमिति र मन्त्री साहबीच भएको छलफलमा संगठनका अध्यक्ष नन्द किशोर राठीले सुनसरी-मोरङ औद्योगिक करिडोर सहित समग्र औद्योगिक क्षेत्रको लागत, पूर्वाधार, निर्यात तथा प्रतिस्पर्धात्मक क्षमतासंग सम्बन्धित विषय प्रस्तुत गर्दै तत्काल नीतिगत सुधार र कार्यान्वयन तहमा प्रभावकारी पहल गर्न मन्त्री साह समक्ष आग्रह गर्नुभयो ।

भारतले नेपाली जुटजन्य वस्तुमाथि आगामी अक्टोबर देखि हालको भन्दा चार गुणासम्म बढी एन्टी-डम्पिङ शुल्क लगाउने विषयमा अनुसन्धान गरिरहेको उल्लेख गर्दै त्यसलाई रोक्न कूटनीतिक पहल गर्न सरकारसंग आग्रह गर्नुभयो ।

त्यसैगरी लामो समयदेखि निर्माण अलपत्र रहेको कटहरी-विराटनगर हुलाकी सडकको करिब ६ किलोमिटर खण्ड तत्काल सम्पन्न गर्न तथा सुनसरीको अमड्डवामा प्रस्तावित विशेष आर्थिक क्षेत्र निर्माण प्रक्रिया शीघ्र अघि बढाउन पनि संगठनले सुझाव दिएको छ ।

नेउवामहासंघका अध्यक्षका साथ औद्योगि क्षेत्रका समस्याका सम्बन्धमा छलफल



नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अन्जन श्रेष्ठसंग उद्योग संगठन मोरङको आयोजनामा उद्योग/व्यवसाय क्षेत्रका समसामयिक विषयमा छलफल भएको छ । औद्योगिक तथा व्यावसायिक क्षेत्रले भोगिरहेका समस्या, उद्योगमैत्री वातावरण निर्माण, लगानी प्रवर्द्धन तथा निजी क्षेत्रका विविध विषयमा संगठनका कार्यसमितिका साथ असोज १४ गते छलफल भयो ।

छलफलमा संगठनका अध्यक्ष नन्द किशोर राठीले उद्योग सञ्चालनका क्रममा देखिएका नीतिगत तथा व्यावहारिक कठिनाइ, उत्पादन लागतमा परेको दबाब, उद्योग व्यवसायको प्रतिस्पर्धात्मक क्षमता र लगानीको वातावरणसंग सम्बन्धित विषयमा ध्यानाकर्षण गराउदै समस्या समाधानका लागि महासंघको तर्फबाट आवश्यक पहल गर्न आग्रह गर्नुभयो ।

नेउवामहासंघका अध्यक्ष अन्जन श्रेष्ठले उद्योगी व्यवसायीले उठाएका विषयप्रति महासंघ गम्भीर रहेको उल्लेख गर्दै उद्योग क्षेत्रका समस्या समाधानका लागि महासंघका तर्फबाट भइरहेका पहल तथा आगामी दिनमा गरिने प्रयासबारे जानकारी गराउनु भयो । उहाले निजी क्षेत्रका समस्या समाधानका लागि नीतिगत पैरवी गर्ने तथा उद्योगीको मनोबल अभिवृद्धिका लागि सरकारका साथ संवाद र सहकार्यलाई प्रभावकारी बनाउने स्पष्ट पार्नुभयो।

उद्योगीका समस्या बुझ्न विराटनगरमा नेउवामहासंघ उद्योग समितिको बैठक
नीतिगत पहल गर्ने प्रतिबद्धता



नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग समिति र उद्योग संगठन मोरङ बीच कोशी प्रदेशका उद्योगी-व्यवसायीले भोगिरहेका समस्या, चुनौती तथा समाधानका उपायबारे असोज १८ गते छलफल भएको थियो ।

बैठकमा उद्योग संगठन मोरङका अध्यक्ष नन्द किशोर राठीले काठमाडौं बाहिर आएर उद्योगी-व्यवसायीका समस्या प्रत्यक्ष सुन्ने महासंघको अभ्यासले निजी क्षेत्रको वास्तविक अवस्थालाई राष्ट्रिय नीतिगत बहससंग जोड्न महत्वपूर्ण सहयोग पुग्ने बताउनु भयो । महासंघ निजी क्षेत्रको सामूहिक आवाज भएकाले उद्योग-व्यवसाय क्षेत्रका समस्यालाई तथ्य, तथ्यांक, अनुसन्धान तथा समाधानका विकल्प सहित सरकार समक्ष प्रस्तुत गर्नुपर्नेमा उहाले जोड दिनु भयो ।

उद्योग समितिका सभापति उज्जल श्रेष्ठले उद्योग संगठन मोरङले सञ्चालनमा ल्याएका विराटबजार डटकम, बिजनेस क्लिनिक, इन्डष्ट्रिज एक्सपिरियन्स जोन तथा बिजनेस इन्क्युबेसन सेन्टर जस्ता पहलको प्रशंसा गर्दै यस्ता प्लेटफर्मले उद्योगको प्रवर्द्धन, नवप्रवर्तनको प्रदर्शन तथा बजार विस्तारमा महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो ।

विद्यार्थीको सिर्जशिलता उद्योगसंग जोड्दै डिजाइन थिङ्किङ कार्यशाला सम्पन्न

उद्योग संगठन मोरङ अन्तर्गतको उद्यमशीलता तथा नवप्रवर्तन इकाइको आयोजनामा सञ्चालित चारदिने डिजाइन एण्ड थिमिङ कार्यशाला २२ असोज गते सम्पन्न भएको छ ।

कार्यशालामा महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसका २० जना विद्यार्थी सहभागी थिए । उनीहरूले उत्पादन, कृषि, बैंकिङ तथा वित्तीय क्षेत्रका समस्या पहिचान गरी तिनको सम्भावित समाधानका लागि विभिन्न विकल्प

सहितको प्रोटोटाइप तयार गरि आफनो अवधारणा प्रस्तुत गरेका थिए ।

समापन कार्यक्रममा उद्योग संगठन मोरङका अध्यक्ष नन्द किशोर राठीले उद्योगका जटिल समस्या परम्परागत सोच र अभ्यासबाट मात्रै समाधान गर्न कठिन हुने बताउनुभयो । उद्योगको आवश्यकता र शैक्षिक क्षेत्रको ज्ञान तथा सिर्जनशीलतालाई एकै ठाउमा ल्याउन डिजाइन थिङ्किङ जस्ता कार्यक्रम प्रभावकारी हुने उहाको भनाइ थियो ।

कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेश सरकारका उद्योग, कृषि तथा सहकारी मन्त्री रामप्रसाद महतोले प्रदेशलाई उद्यमशील बनाउने अभियानमा युवा पुस्ताको सीप, सिर्जनशीलता र नवप्रवर्तनलाई उद्योगसंग जोइनुपर्ने बताउनुभयो।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराजे कट्टेलले जिल्लाको औद्योगिक विकासलाई थप गतिशील बनाउन युवाको ज्ञान, सीप र सिर्जनात्मक क्षमतालाई व्यवहारमा उपयोग गर्नुपर्ने बताउनुभयो ।

संगठनका कार्यसमिति सदस्य तथा उद्यमशीलता तथा नवप्रवर्तन इकाइका संयोजक प्रतीक राउतले उद्योग र शैक्षिक संस्था बीचको सहकार्यलाई व्यवहारिक तहमा विस्तार गर्नुपर्ने आवश्यकता औल्याउदै विद्यार्थीको



लगानी प्रवर्द्धन र निर्यात विस्तारका लागि नीतिगत सुधारमा जोड

संघीय संसद, प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित संरक्षण समितिका सभापति रहबर अन्सारी र उद्योग संगठन मोरङको कार्यसमिति बीच औद्योगिक विकास, लगानी प्रवर्द्धन तथा निर्यात विस्तारका विषयमा असोज २६ गते छलफल भयो ।

संगठनका अध्यक्ष नन्दकिशोर राठीले नयाँ लगानी आकर्षित र लगानी विस्तारका लागि उद्योगमैत्री नीतिगत व्यवस्था आवश्यक रहेको बताउनु भयो । उहाँले विद्युत् महसुलमा लगाइएको मूल्य अभिवृद्धि कर खारेज गर्न,

औद्योगिक पूर्वाधार विकासलाई प्राथमिकता दिन तथा उद्योगी व्यवसायीको मनोबल बढाउन आग्रह गर्नुभयो ।

संसदीय समितिका सभापति रहबर अन्सारीले उद्योग तथा व्यवसाय क्षेत्रका समस्या, उत्पादन लागत र लगानीको वातावरणसंग सम्बन्धित विषयहरू औद्योगिक विकासका दृष्टिले महत्वपूर्ण रहेको बताउदै उद्योगी व्यवसायीले प्रस्तुत गरेका सुझाव तथा समस्यालाई अध्ययन गरी सुधारका लागि आवश्यक पहल गर्ने बताउनु भयो ।



Empathy to Enterprise Design Thinking Workshop

From Empathy to Enterprise: Students Turn Real Problems into Ideas

Over four days, more than 20 students from Mahendra Morang College left the classroom, listened to farmers, vendors and manufacturers, and pitched five solutions built around what they heard.

The cohort with the farm team and facilitators at Hulas Farm, Barju-5, Sunsari.
The Entrepreneurship Academy and Innovation Unit of the Chamber of Industries Morang (CIM), in partnership with Mahendra Morang College, successfully conducted **Empathy to Enterprise**, a four-day design thinking workshop that concluded on 22 Ashoj 2083. Students from Science, Management and IT worked in mixed teams to find a real problem in Morang's agriculture and manufacturing sectors, understand the people who face it, and build and pitch a solution. The workshop's message was simple: an entrepreneur does not start with a product, but with a person and a problem worth solving.




Day 1: Finding real problems

Mr. Pratik Raut, Coordinator of the Startup and Entrepreneurship Committee, opened the workshop by introducing entrepreneurship and design thinking as a loop of listening, testing and learning. In the thematic session that followed, five industry leaders shared the real gaps they see every day: Mr. Roman Kattel (agriculture), Mr. Dinesh Pokhrel (banking and finance), and Mrs. Yukti Golcha, Mrs. Girija Sarda and Mrs. Ruchika Baid (manufacturing). Each student then wrote a problem card; ten of the fourteen on display came from agriculture.



Mr. Pratik Raut Opens The Workshop.




The Thematic Panel On Industry Gaps.

Day 2: Listening to real people

Teams took their interview sheets to local markets, offices and homes in Biratnagar and sat down with vegetable sellers, traders, e-rickshaw drivers, scrap dealers and business owners. Back in the room, they turned what they heard into empathy maps. One team discovered that vendors lose 20 to 25 percent of their stock every day, yet distrust cold storage because they believe it ruins quality.



Interviewing A Vegetable Seller At A Local Market.



An Empathy Map Built From Vendor Interviews.

Day 3: From ideas to the field

Students generated ideas with Crazy 8s, mapped their best solutions and wrote down what had to be true for each to work. They then visited Hulas Farm Pvt. Ltd. in Barju-5, Sunsari, where the farm team showed them commercial dragon fruit farming, from plant supports and mulching to an on-farm weather sensor. Young founders, including Mrvs. Ruchika Baid of Make in Nepal, shared their own journeys, and teams built low-cost prototypes from cardboard, clay and paper cups at the CIM Incubation Center.



Prototyping At The CIM Incubation Center.



The Hulas Farm Visit.



Mrs. Ruchika Baid Shares Her Founder Journey.


Day 4: Pitch day

The workshop closed on 22 Ashoj with a pitch event. Mr. Nand Kishor Rathi, President of CIM, welcomed participants and guests, and Mr. Pratik Raut spoke on building a startup ecosystem in the region. Five teams then presented their solutions to a panel of Mr. Dinesh Pokhrel (CEO, Saptakoshi Bank), Mr. Roman Kattel (President, NYEF), Mrs. Yukti Golcha(Director of Hulas Wire Industries Pvt. Ltd.) and Mrs. Ruchika Baid (Founder, Make in Nepal and The Yoga Studio). The event was a learning showcase rather than a competition: the panel asked questions and gave each team encouraging feedback and practical suggestions.


What the teams built

- **Spartans: Eco Cool Cart.** A covered cart that keeps vegetables fresh with zero electricity, built from local materials at low cost.
- **Idea Hub: Century Masala.** Spices sourced directly from local farmers to cut transport and production costs while raising farmers' income.

- **Ikra: Stronger Together.** A vendor committee and transport coordinator, with farmers grouping their harvests and a standby vehicle so deliveries are never stuck.
- **The Pioneers: ManuConnect.** One platform connecting manufacturers with raw materials, skilled workers and suppliers.
- **Think O (outside): ScrapFlow.** An app for scrap dealers to track stock, payments and orders, and settle payments faster.







Eco Cool Cart, Century Masala and ScrapFlow prototypes.

By the numbers

4 days	Of Hands-On Design Thinking
5	Teams, Mixing Science, Management And IT Students
14	Real Problems Identified On Day 1
5	Prototypes Built And Pitched
15 of 16	Survey Respondents More Confident After The Workshop
4.4 out of 5	Average Satisfaction

In their words

> *"This workshop is an amazing hands-on experience that teaches you how to turn a real-world problem into a viable startup idea. It really changes how you think about building solutions for users."*
>
> *"This workshop taught me how to understand real-world problems, work as a team, and turn ideas into practical solutions. It was a great opportunity to learn through fieldwork and pitching."*
>
> *"What an experience it was. Never gonna forget. You must try this experience once."*

Participants, Empathy to Enterprise. Shared with permission.

Thank you

CIM extends its sincere thanks to Mahendra Morang College, the industry speakers and panel members, the young entrepreneurs who shared their journeys, the Hulas Farm team, the facilitators and mentors, and the farmers, vendors and business owners who gave our students their time.

What's next

Eleven participants have expressed interest in joining CIM Incubation Center programmes, and several teams plan to keep testing their prototypes with real users. CIM will follow up with mentoring support. To learn more, contact the Entrepreneurship Academy and Innovation Unit, Chamber of Industries Morang, at 9869812058.

Photos: Entrepreneurship Academy and Innovation Unit, CIM.v

सीप तथा रोजगार मेलामा उद्योग संगठन मोरङको सक्रिय सहभागिता

नेपाल सरकार, युवा, श्रम तथा रोजगार मन्त्रालयको आयोजनामा असोज १४ देखि २० गते सम्म इटहरीस्थित सोल्टी वेस्टइन्डमा भएको सातव्यापी "सीप तथा रोजगार मेला २०८३" मा उद्योग संगठन मोरङको स्टलमा करिब ४०० जनाले अवलोकन गरेका छन् ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET), सीप विकास, रोजगारी प्रवर्द्धन, करियर परामर्श तथा उद्योग र तालिम प्रदायक संस्था बीचको सहकार्यलाई सुदृढ गर्ने उद्देश्यले आयोजना गरिएको मेलामा संगठनले उद्योगको माग अनुसारको सीप प्रवर्द्धन गर्ने, दक्ष जनशक्ति र रोजगारदाताबीच सम्पर्क स्थापित गर्ने तथा युवालाई रोजगारीका अवसरबारे जानकारी गराएको थियो ।

सीप विकास तथा प्राविधिक शिक्षामा निजी क्षेत्रको सहभागिता बढाउने, उद्योगको आवश्यकता अनुसार तालिम सञ्चालन गर्ने र सीपयुक्त युवालाई रोजगारीसँग जोड्न प्राथमिकता दिँदै आएको संगठनले स्विस सरकारको सहयोगमा सञ्चालित ENSSURE परियोजनाले जोड दिँदै आएको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा निजी क्षेत्रको संलग्नता, सीपको सान्दर्भिकता तथा उद्योग-शिक्षालय सहकार्यसँग समेत सम्बन्धित रहेको संगठनले जनाएकोछ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रणालीलाई उद्योगसँग जोड्ने उद्देश्यले संगठनले विकसित गरेको अनलाइन पोर्टल "biratbazaar.com" को प्रचारप्रसारका साथै उद्योगका उत्पादन तथा सेवा, रोजगारीका अवसर र दक्ष जनशक्तिको विवरणलाई एकीकृत रुपमा प्रस्तुत गर्ने प्रयास गरियो ।

मेलाका क्रममा ४६ भन्दा बढी उद्योग तथा कम्पनीलाई पोर्टलमा आबद्ध गराई उनीहरुका उत्पादन तथा सेवाहरु प्रदर्शित गरेका थिए भने पोर्टलमा ३० वटा पेसागत क्षेत्रअन्तर्गत ६०० भन्दा बढी रोजगारीका अवसर अद्यावधिक गरिएको छ । यसैगरी, ६२ जनाले आफ्नो रोजगारी रुचि सम्बन्धी प्रोफाइल बनाएका छन् भने २९ जना तालिम प्राप्त तथा दक्ष जनशक्तिलाई दक्ष जनशक्ति सूचीमा दर्ता गरिएको छ ।


मेलामा विद्यार्थीलाई उद्योगको कार्यप्रक्रिया तथा उत्पादन प्रणालीबारे जानकारी दिन भर्चुअल रियालिटी (VR) प्रविधिमार्फत औद्योगिक भ्रमणको अनुभवका साथै, औद्योगिक प्रशिक्षार्थी कार्यक्रम (Dual VET Apprenticeship), करियर परामर्श तथा रोजगारीसम्बन्धी जानकारी उपलब्ध गराइयो । Industrial Automation सम्बन्धी तालिममा २०० भन्दा बढी व्यक्तिले रुचि देखाएका थिए ।

संगठनको सहभागिताले उद्योगको वास्तविक सीप आवश्यकता, रोजगारीका सम्भावना र दक्ष जनशक्ति उत्पादनबीचको सम्बन्धलाई थप उजागर गरेको छ । उद्योग, प्राविधिक शिक्षालय, सरकार तथा रोजगार खोजिरहेका युवाबीच समन्वय बढाउन यस्ता कार्यक्रम प्रभावकारी हुने अपेक्षा गरिएको छ भने उद्योगको माग अनुसार सीप विकास, रोजगार सिर्जना र दक्ष जनशक्तिको उपलब्धता बढाउन यस्ता कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास संगठनको छ ।


ENSURE


Chamber of Industries Morang
सीप तथा रोजगार मेला-२०८३
BIRATBAZAAR




BIRATBAZAAR
Nepal's First B2B Marketplace
मुख्य पृष्ठ
इच्छा र प्रस्ताव
B2B कार्यक्रमहरू
Jobbriz
Display Zone
Co-working Space
MDMU
More
लगाइन
New
View Mode
Find a Job
Work Interests
Quick Links
Career Guidance
Internship Opportunities
Apprenticeship Opportuni...
Skilled Workforce Roster
Filters
Groups
Search groups
Search by occupatio...
Search job...
Tube Mill Operator
Hulas Wire Industries Limited
Budhiganga-3, Gokuwa
Not disclosed
2 vacancies
3 days ago
FULL-TIME
Apply
Finance Manager
Hulas Wire Industries Limited
Budhiganga - 3 Gokuwa Chowk
Not disclosed
1 vacancy
3 days ago
FULL-TIME
Apply
Dy. Manager/ Manager- Store
Hulas Wire Industries Limited
Budhiganga-3, Gokuwa
Not disclosed
1 vacancy
3 days ago
FULL-TIME
Apply
SMS Manager
Hulas Wire Industries Limited
Budhiganga - 3 Gokuwa Chowk
NRs. 0 - 1
1 vacancy
3 days ago
FULL-TIME
Apply


Apprenticeship Program
www.biratbazaar.com
HELVETAS

XTREME ENERGY DRINK

मेरो देस मेरै उत्पादन

Birat expo 2026

Connecting **Opportunities**
Creating **Impact**


17-26 DECEMBER, 2026

BIRATNAGAR
NEPAL

Nepal's **Business** Ecosystem **Platform**

Booking OPEN

CONTACT FOR BOOKING
986-2129166
BIDYA KATTEL





Poush 2- Poush 11, 2083
Dec 17- Dec 26, 2026

Degree Campus Biratnagar
10:00 AM TO 07:00 PM

Organized by

Chamber of Industries, Morang
021-515712,577646
info@cim.org.np
Shahid Marga, Tinpaini, Biratnagar-2

Energy Partner

MAX TIGER ENERGY DRINK

Hydration partner

BAM BAM! WITH SOOAA LEMON